स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत मंसिरपछि नेपाली फिल्मको व्यापार सेलाएको छ। ठूला 'स्टार'का फिल्मले समेत दर्शक तान्न सकेनन्। एकातिर 'उजेली' जस्तो यादगार डकुड़ामा बनाएका दीपेन्द्र गौचनको निर्देशन र अर्कोतिर नाजिर हुसेन र सृष्टि श्रेष्ठ जस्ता नाम चलेका कलाकार भएकाले फिल्मले हलमा दर्शक फर्काउने अपेक्षा गरिएको छ। सोलो रिलिज र अघिल्ला साताका फिल्म नचलेका कारण 'केटी हराएको सूचना'लाई मल्टीप्लेक्सहरुले उल्लेख्य शो बाँडेका छन्।

**आजको विचार...**



चार...
(दुई पेजमा)

शंकरप्रसाद रिजाल



नेपाली फिल्म क्षेत्रमा कलाकारलाई 'ट्याग' दिने प्रचलन सामान्य भइसकेको छ। 'महानायक', 'एक्सन स्टार', 'मेगास्टार', 'सुपरस्टार' जस्ता 'ट्याग' बुक भइसकेका छन्। यतिबेला अभिनेता प्रदीप खड्कालाई फिल्म 'एक्टर: टेक वन"को ट्रेलरमा 'सुपरस्टार'को ट्याग दिएको विषय चर्चामा छ। यो 'ट्याग' उनकै चाहनामा राखिएको हो वा निर्माता/निर्देशकले दिएका हुन् भन्ने चासो धेरैमा देखिन्छ। प्रदीप आफैंले 'सुपरस्टार' ट्यागको प्रसंग कोट्याए। यो 'ट्याग' राख्न आफूले कुनै दबाब नदिएको उनको भनाइ छ।

❐ वर्ष ३० ❐ अंक १८२ ❐ २०८१ माघ १२ गते शनिबार 25 January 2025, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सिद्धबाबा सुरुङमार्गको 'ब्रेक थ्रु'

## वर्षौंदेखिको सपना विपनामा परिणत हुँदै

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ ११/राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग (ब्रेक थ्रु) छिचोलिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले भर्जुअलमार्फत शुक्रबार सुरुङ छिचोल्नका लागि स्विच थिचेपछि पाल्पा र बुटवल दुवैतर्फबाट खनिएको सुरुङ एकआपसमा छिचोलिएको हो ।

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरदेखि एक हजार एक सय २६ मिटर सुरुङमार्ग छिचोल्ने काम सकिएको छ । प्रधानमन्त्री ओलीको उपस्थितिमा मुख्य सुरुङको 'ब्रेक थ्रु' गरिने भनिए पनि कार्यक्रमको अन्तिममा आएर ओलीको अस्वस्थताका कारण भर्जुअलमार्फत मुख्य सुरुङ 'ब्रेक थ्रु' गरिएको आयोजनाले जनाएको छ । यसअघि माघ ८ गतेलाई तय भएको





सुरुङमार्ग 'ब्रेक थ्रु' कार्यक्रम ११ गतेलाई सारिएको थियो । 'ब्रेक थ्रु' लाई सेरेमोनीका रूपमा मनाइएको छ । छिचोलिएको सुरुङमार्गमा एक वर्षपछि नियमितरुपमा सवारी आवागमन हुने सम्बद्ध आयोजनाले जनाएको छ । ब्रेक थ्रु उत्सव समारोहलाई भर्चुअल विधिबाट सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुक सुरुङमार्गमा प्रवेश गरेको बताएका छन् । उनले जोखिम क्षेत्रहरुको पहिचान गरी सुरुङ बनाउने काम धमाधम भइरहेको भन्दै सिद्धबाबाको सुरुङमार्गको बाँकी काम समयमै हुने उल्लेख गरे । प्रधानमन्त्री ओलीले सिद्धबाबा क्षेत्रमा हरेक वर्ष हुने सवारी दुर्घटना र पहिरोमा पर्ने समस्याबाट नागरिकलाई मुक्त गराउन सुरुङ मार्ग निर्माण गरिएको बताए । सुरुङ बनेपछि पाल्पा, पोखरा लगायत जिल्ला आवत जावत गर्न सुक्षित हुने र कुनै समस्या नआउने प्रधानमन्त्री ओलीले विश्वास व्यक्त गरे । समारोहमा उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंह, उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पुर्वाधार विकास मन्त्री देवेन्द्र दाहाल,लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य लगायतका जिल्लाका विभिन्न राजनीतिक दलहरु, राष्ट्र सेवकहरुको उपस्थित रहेको थियो । सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरदेखि पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्र पर्छ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको हो । ठूलो क्षति व्यहोर्नु परेको र त्रासदीमा यात्रा गर्नुपर्ने बाध्यतामा रहेका यात्रुहरू सुरुङमार्गको काम अन्तिमचरणमा पुग्न थालेपछि वर्षौंदेखि सुरुङ बन्ने सपना विपनामा परिणत हुनेमा ढुक्क भएका छन् । यो सडक खण्ड प्रयोग गरी गुल्मी, पाल्पा, अर्घाखाँची, स्याङ्जा, पोखरा, बाग्लुङ तथा म्याग्दीसम्म यातायातका साधन चल्ने गर्छन् । यहाँ हरेक वर्ष जाने पहिरोले जनधनको क्षति पुऱ्याउने गर्दछ । दैनिक हजारौं सवारीका साधन गुड्ने यो क्षेत्रमा अहिलेसम्म सयौं मानिसले ज्यान गुमाएका छन् । हिउँदमा समेत पहिरो खसेर कैयौ यात्रुले ज्यान गुमाउनु परेको इतिहास साक्षी छ । बर्षामा यो सडक क्षेत्र त्यसैपनि अति जोखिममा छ ।

**-बाँकी अन्तिम पेजमा...**

### संक्षिप्त समाचार

## रेल दुर्घटनामा सात नेपालीको मृत्यु

**काठमाडौं,** माघ ११/सरकारले यही माघ ९ गते भारतको महाराष्ट्र राज्यको जलगाउँ जिल्लाको परधाडे स्टेसननजिकै भएको रेल दुर्घटनामा परी सात नेपालीसहित १२ जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गरेको छ । परराष्ट्र मन्त्रालयले आज विज्ञप्तिमार्फत उक्त दुर्घटनामा आफन्त गुमाएका शोकाकुल परिवारजनप्रति समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । उक्त रेल दुर्घटनामा परी नेपाली नागरिक कमला नवीन भण्डारी, लछिराम पासी, हिमु नन्दराम विश्वकर्मा, नन्दराम पद्म विश्वकर्मा, मैसारा कामी विश्वकर्मा, जोक्ला कामी र राधेश्याम राध नेपालीको निधन भएको मन्त्रालयले जनाएको छ । दुर्घटनामा घाइते भएका चार नेपालीमध्ये तीनजनाको स्थानीय अस्पताल र गम्भीर घाइते एकजनाको गोदावरी अस्पताल, जलगाउँमा उपचार भइरहेको छ । *-रासस*




## भूतपूर्व सैनिकको योगदान महत्वपूर्ण : सभापति श्रेष्ठ

**पाल्पा,** माघ ११/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले समाज र देश निर्माणमा भूतपूर्व सैनिकहरुको योगदान महत्पूर्ण रहेको बताएका छन् । शुक्रबार काँग्रेसको भातृ संस्था नेपाल भूतपूर्व सैनिक संघ पाल्पाको पाँचौं जिल्ला अधिवेशनलाई तानसेनमा सम्बोधन गर्दै समाज र देश निर्माणमा भूतपूर्व सैनिकहरुको योगदान महत्पूर्ण रहेको बताएका हुन् ।

प्रमुख अतिथि समेत रहेका सभापति श्रेष्ठले भूतपूर्व सैनिक सर्वसाधारण नागरिक मात्र नभई राज्यलाई आवश्यक परेको अवस्थामा स्वत: स्फूर्त योगदान दिन सक्ने तालिम प्राप्त जनशक्ति भएको पनि उल्लेख गरे । उनले अवकाश प्राप्त सकल दर्जाका सैनिकहरुलाई सेवाकालमा आर्जित ज्ञान, सीप र अनुभव आफ्नै गाउँघर, समाजको विकास र उत्थानमा लगाई परेको समयमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै नेपाली काँग्रेसको संगठनलाई बलियो बनाएर लैजाने दिशामा आफूलाई अग्रसर गर्न अनुरोध गरे । सभापति श्रेष्ठले काँग्रेसको संगठन निर्माणमा समेत



भूपू सैनिकको महत्वपूर्ण भूमिका रहेको भन्दै अब नागरिकको जीवनस्तर उकास्न समेत लाग्नु पर्ने धारणा व्यक्त गरे । उनले संघमा आवद्ध भूपुहरुको योगदानको पार्टीले उच्च मूल्यांकन गर्दै संगठनका विभिन्न तह र संरचनामा समेत उनीहरुलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गर्दै आएको बताए । सभापति श्रेष्ठले भने 'पछिल्लो समयमा सैनिकबाट अवकाश भएर आएका नयाँ भूपुहरु लोकतान्त्रिक विचारप्रति नजिक हुन सकेका छैन् उनीहरुलाई काँग्रेसको विचार, आस्थाका बारेमा जानकारी गराउनुपर्छ ।' उनले संघमा आवद्ध सबै भूपु सैनिकहरुलाई गाउँ- गाउँमा पुगेर काँग्रेसको विचार र आस्थाका बारेमा जानकारी गराउन समेत आग्रह गरे । सभापति श्रेष्ठले आत्मियतासहितको एकता अहिलेको आवश्यकता रहेको उल्लेख गर्दै संगठन निर्माणमा एक भएर लाग्नुपर्नेमा जोड दिए ।

**-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## कर्मकाण्डी नबनोस् सहिद सप्ताह

माघ १० गतेदेखि सहिद सप्ताह सुरु भएको छ । मुलुक र जनताको मुक्तिका लागि आफ्नो ज्यानको आहुति दिने सहिदहरुको सम्झनामा प्रत्येक वर्ष सहिद सप्ताह मनाउने गरिन्छ । सहिदहरुको स्मरणमा १६ गतेसम्म विभिन्न कार्यक्रमहरु हुने गर्दछन् । सहिद सप्ताह हालका दिनमा केवल औपचारिकतामा मात्रै सीमित हुँदै गएको स्थिति विद्यमान रहे पनि सप्ताहभरि नै सहिदहरुको मात्रै विशेष चर्चा-परिचर्चा हुनुलाई भने एकप्रकारले अर्थपूर्ण नै मान्नुपर्ने हुन्छ । सच्चा सहिदहरु शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरत चन्दको स्मरण गर्दै हरेक वर्ष सप्ताहव्यापी कार्यक्रमहरु गर्ने गरिएको छ । सहिदको नाममा कार्यक्रमहरु भए पनि सच्चा सहिदको सम्मान भने हुन सकेको छैन् । यो दुखको कुरा हो ।

आज सच्चा सहिदलाई नक्कली सहिदले विस्थापित मात्र होइन गिज्याइरहेको अवस्था छ । मुलुक र जनताको हकअधिकारका आन्दोलनमा सहादत प्राप्त गरेकामध्ये कसलाई सहिद भन्नेमा अझै स्पष्ट मापदण्ड बन्न सकेको छैन् । मुलुकमा चलेको १० वर्षे सशस्त्र द्वन्द्व, २०६२/६३ सालको जनआन्दोलन, मधेस आन्दोलन र अन्य विभिन्न पहिचानका आन्दोलनपछि सहादत प्राप्त गर्ने व्यक्तिलाई सहिद घोषणा गर्ने प्रचलन ह्वात्तै बढेको छ । तर सरकारसँग हालसम्म मुलुकमा कति व्यक्ति सहिद भए भन्ने स्पष्ट तथ्याङ्क छैन् । यो विडम्बना हो । यद्यपि, केही वर्षअघि हजारौँको संख्यामा सहिदका नाममा लामो लिस्ट सार्वजनिक नभएको भने होइन । सेवा र हितका लागि सहजै जीवन त्याग गर्ने खास सहिदहरुको घोर आपमान भएको छ । यो दुखद् हो । सहिदको सच्चा सम्मान नहुँदा खास व्यक्ति र तिनका परिवारले अभिशप्त हुनु परिरहेको अहिलेको तीतो यथार्थ हो ।

सहिदहरूलाई 'सहिद दिवस'को नाममा एक दिन फूलमाला चढाएर, एक मिनेट मौन धारण गरेर र चर्को भाषण छाटेर सहिदहरूको सच्चा अर्थमा सम्मान होला ? क्यालेन्डरमा सीमित सहिद दिवसले उनीहरूले देशका लागि बगाएको रगतको सही मूल्यांकन र सहिदले देखेका सपना पक्कै पनि साकार हुँदैन । जसको बलिदानले देशको बागडोर हातमा परेको छ, उनीहरूकै सपनालाई लत्याएर पक्कै पनि सहिदको आत्माले शान्ति पाउने छैन् । तिनले देखेको समुन्नत राष्ट्र निर्माणको सपनालाई साकार पार्न सकेमात्र उनीहरूप्रति गरिएको सच्चा श्रद्धाञ्जलि ठहरिनेछ । तसर्थ सहिद परिवारको उचित व्यवस्थापन र सहिदका अपुरा सपना पूरा गर्न सबै गणतान्त्रिक शक्तिहरू एकतावद्ध भई समृद्धिको यात्रामा हातेमालो गर्न सकेमा मात्र सहिद सप्ताह मनाउनुले सार्थकता पाउनेछ । अन्यथा कर्मकाण्डी मात्र हुने छ ।

## Opinion @ Social Network

खुसि नै छु जिन्दगीमा चाहेको सबै कुरा नपाए पनि धेरै कुरा सिकाएको छ जिन्दगीले ।
सोनि थापाको *फेसबुकबाट* ;https://www.facebook.com/Soni.Thapa

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चार जना नेताको वरिपरी घुमिरहेको नेपालको लोकतन्त्र



शंकरप्रसाद रिजाल

*देशमा उद्योग कल कारखानाहरु खोलिए । लामो दूरीको पूर्व-पश्चिम राजमार्गको निर्माण गरियो । चीनसँग जोड्ने कोदारी राजमार्गको निर्माण भयो । देशभित्र त्रिभुवन वश्वविद्यालयको स्थापना भयो। स्कूल कलेज खोलियो । बुद्धिजिबी भेला हुने प्रज्ञा प्रतिष्ठान खोलियो । राष्ट्रिय सभा गर्ने राष्ट्रिय सभा गृह स्थापना गरियो ।*

राणा शासन कालमा नेपालमा कुनै पनि राजनीतिक वातावरण थिएन। राजनीतिको नाममा १०४ वर्ष लामो राणा शासनको जर्जर राज्य व्यवस्था थियो । त्यो भन्दा अगाडि पृथ्वीनारायण शाहको उदय, अझ अगाडि मल्ल राजा, लिच्छवी शासन र त्यो भन्दा पनि अगाडि गोपाल वंशले नेपालमा शासन गरेको इतिहास छ । पृथ्वीनारायण शाहको शासन भन्दा अघि नेपालमा मल्ल राजाहरुले बिभिन्न स-साना भुमि ओगटी भुरे टाकुरे राज्यहरु बसाई शासन गरेका थिए । तिनै पृथ्वीनारायण शाह हुन् जसले नेपाललाई एकीकरण गरी अधिराज्यमा परिवर्तन गरेर एकल नेपालको राजनैतिक शासन गरेका थिए । उनको सारा जीवन साना राज्यहरु एकीकरण गर्ने काममा नै बित्न गएकोले राजनैतिक व्यवस्था त्यति व्यवस्थित हुन सकेको थिएन । छोटो उमेरमै उनको देहान्त पनि भयो । भनिन्छ उनी उपनिवेशवादको कट्टर बिरोधी थिए । त्यसपछि बहादुर शाह जसले फेरि पृथ्वीनारायण शाहले भन्दा बढी भुमि हातपार्ने काममा लागे। त्यसपछि फेरि अमरसिंह थापा र भीमसेन थापा जस्ता बीर सपुतहरुको उदय भयो । जसले देशलाई जोगाउन ठूलो प्रयत्न गरे । पृथ्वी नारायण शाहपछि आधुनिक नेपालमा निक्कै राजाहरु बने । तर खुल्ला राजनैतिक ब्यबस्था नल्याइ सबै राजा रानीहरु आफू खुसी सुरक्षित रही बस्नमात्र तल्लिन रहे । समयको चक्रमा भयंकर ठूलो भारदारहरुको निसं्रस सामुहिक हत्यापछि नाटकीय रुपमा एक बीर, सुरो, चलाख र राजनैतिक रणनीतिमा कुसाग्र बुद्धि भएका सिपाही जंगबहादुर राणको उदय भयो र यो राणाको शासन नेपालमा बि.स. २००७ सालसम्म निरन्तर चल्यो । राणा शासनको अन्तिम प्रधानमन्त्री मोहन समशेर थिए । उनैको राणा शासनकालमा २००७ सालमा राणा शासनको अन्त्य भइ नेपालमा प्रजातन्त्रको उदय भयो । २००७ सालको प्रजातन्त्र पश्चात नेपालमा जनताका प्रथम छोरा मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भए। तर भारतको प्रत्यक्ष निगरानीमा देशको शासन चलेकोले भारतले नेपाललाई जहिलेपनि राजनीति र अर्थनीति आफ्नो मुट्ठीमा राखी देश चलाउने काम गर्दै पटक पटक नयाँ नयाँ प्रधानमन्त्रीको चयन हुन थाल्यो । आखीर २०१५ सालमा फेरि राजा महेन्द्र कै पालामा चुनाबी सरकारको शासन हुन गयो । यो आम चुनाबको सरकारमा जननायक बिपीकोइराला प्रधानमन्त्री हुन पुगे । तर नेताहरु भने भारतकै बुइ चढी शासन चलाउनमा व्यस्त रहे । देसमा राजनैतिक बासना त आयो तर भारत कै अधिनमा रही अप्रत्यक्ष रुपमा शासन पद्धतिलाई नेपालको माटो सुहाउँदो नबनाई उही भारतमुखी शासन पद्धतिको बोलवाला हुँदै गएको र भारतले नेपालको समग्र राजनैतिक पद्धति आफ्नो पकडमा राखेको थियो । भ्रष्टाचार बढ्दै गएको, देशमा राम्रो सुशासनको राम्रो गुन्जायिस नरहेकोले देश अर्काको पराधीन हुनबाट बचाउन तथा देशमा द्रुततर बिकासको सुरु गर्न हठात् २०१७ सालमा यो भारतमुखी प्रजातान्त्रिक व्यवस्थालाई हटाइ सम्पूर्ण अधिकार आफूमा लिइ त्यस ताकाको देशलाई सुहाउने पञ्चायती व्यवस्थाको सुत्रपात गरी २०१९ सालमा सोही अनुसारको संविधानको निर्माणपनि गरियो । र, राजा महेन्द्रको अन्तिम शासन कालसम्म यही पञ्चायती निर्दलीय व्यवस्था कायम रह्यो। यो २०१७ साल देखि २०२८ सालसम्म राजा महेन्द्रले नेपाललाई विश्वमा चिनाउने काम गरे । संयुक्त राष्ट्रसंघको सदस्यता लिने काम भयो । असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्त लागू गरियो । संसारका ठुला राष्ट्राध्यक्षहरुको नेपाल भ्रमण भयो । मैत्री सम्बन्ध कायम राखियो । ठूलो सहयोग र अनुदानको ओइरो लाग्यो । देशमा उद्योग कल कारखानाहरु खोलिए । लामो दूरीको पूर्व-पश्चिम राजमार्गको निर्माण गरियो । चीनसँग जोड्ने कोदारी राजमार्गको निर्माण भयो । देशभित्र त्रिभुवन विश्वविद्यालयको स्थापना भयो। स्कूल कलेज खोलियो । बुद्धिजिबी भेला हुने प्रज्ञा प्रतिष्ठान खोलियो । राष्ट्रिय सभा गर्ने राष्ट्रिय सभा गृह स्थापना गरियो । गाउँको बिकास गर्न फरक अभियान जारी भयो । देश भित्र अनेकौ उद्योग कलकारखानाहरु आफैंले र बिदेसीहरुको सहयोग र अनुदानमा स्थापना भयो । त्रिपुरेश्वरदेखि सूर्य बिनायकसम्म ट्रली बसको निर्माण भयो । ब्यापारको लागि धान चामल निर्यात कम्पनीको स्थापना भयो । नेपाल राष्ट्र बैंकको स्थापना र नेपाली र भारतीय मुद्राको १०० बराबर १६०-रुपैयाँको मूल्यांकन गरी पारदर्शी गरियो र अन्तर्राष्ट्रिय जगतमा नेपालको नाम प्रशस्त र इज्जत कमाउने काम भयो । कहिले भारत-चीन र पशिचमा देशसँग बैरभाब नराखी मित्रताको सुमधुर सम्बन्ध कायम गरियो । यसरी यस्तो छोटो समयमा राजा महेन्द्रले आफ्नो दूरदर्शिता देखाई नेपाल र नेपालको राजनीतिलाई सवल नेतृत्व प्रदान गर्ने काम गरे । राजा महेन्द्रको देहान्तपछि नेपालको राजनीतिमा राजा वीरेन्द्रले ब्यबस्थामा आँच नआओस भन्ने अभिप्रायले २०३५ सालमा जनमत घोषणा गरी सुधारिएको पञ्चायती ब्यबस्था लागू गरे । अझ राजा वीरेन्द्ले देशलाई शान्ति क्षेत्रको घोषणा गरी संसार समक्ष त्यसको समर्थन मागे । तर भारतमात्रै त्यस्तो देश भयो जसले यसलाई सहजै स्वीकार गर्न मन्जुर गरेन । र यो राजा वीरेन्द्रले प्रस्ताव गरेको शान्ति क्षेत्र पारित हुन सकेन । ठूलो व्यक्तित्व भएका बुद्धिमान राजाको देश बिदेश भ्रमण भयो र राजा महेन्द्रले जस्तै ख्याती कमाउने काम भयो । जनता र नेताहरु दुवै प्रजातन्त्र प्रेमी भएकाले फेरि यो पूरा गर्न राजाले २०४६ सालमा नेपाली कांग्रेस कै सन्त नेता कृष्णप्रसाद भट्टराईको नेतृत्पमा नयाँ संबिधान जारी गरी राजा संबिधान अन्तर्गत रही संबैधानिक राजतन्त्रको थालनी भयो । यसरी बन्दै गएको देशको व्यवस्थालाई चर्को बिरोध गरी नेपालको राजनीतिमा फेरि आन्दोलन सुरु भयो र यो संबैधानिक राजतन्त्रीय व्यवस्थालाई फाली देशमा गणतन्त्र र लोकतन्त्र र हिन्दु धर्मको सट्टा धर्म निरपेक्ष ल्याउने कुरामा सबै नेताहरु लागीपरे। यसको लागि माओबादीको जनयुद्ध सुरु भयो । भएको व्यवस्था विरुद्ध निरन्तर प्रहार हुन थाल्यो । डरत्रास सृजना गर्दै हत्या र हिंसाको राजनीति गर्दै मुलुक तहस नहस बन्न पुग्यो । यसै क्रममा २०५९ सालमा आएर राजा वीरेन्द्रको समुल बंस नास हुने गरी राजदरबार हत्याकाण्ड भयो । राजा वीरेन्द्रको वंशनाश भएपछि उनका भाइ ज्ञानेन्द्र शाहलाई राजा बनाइयो र उनलाई पनि अनेक बहाना बनाइ सत्ताच्युत गरियो । ०६२-०६३ मा आएर राजतन्त्र अन्त्य गरी लोकतन्त्र र गणतन्त्रको सरकार खडागरी सबै नेता मिलेर शासन गर्न थाले । यसमा प्रचण्ड, बाबुराम र फेरि माधव नेपाल, झलनाथ खनाल, शेरबहादुर देउवा र केपी ओलीनै पालै पालो प्रधानमन्त्री बन्दै पदीय स्वाद र तिर्खा मेटाउने काम आज पर्यन्त जारी छ । १२ बुँदे सहमतिमा निर्माण भएको संबिधानले देशको राजनीतिलाई समुल सुधार गर्न नसकी फेरि नेपालको राजनीतिमा भयंकर कचिंगल सुरु भयो र चारैतिरबाट यसको आलोचना सुरुभयो । सबै दलको सहमतिमा निरंकुश राजतन्त्र फाल्ने मात्र भनिएकोमा बिदेशी शक्तिको आडमा र आफूले शासनमा हालीमुहाली गर्ने उद्देश्यले राजालाई नै हटाइ २४० बर्षको राजतन्त्रलाई हटाउने काम सम्पूर्ण नेताहरुबाट हुन गयो । राजा शालीन स्वभावका भएकाले देशको राजनीतिमा सुधार ल्याउन राजाले आफ्नो श्रीपेच जनतालाई नासोको रुपमा सुम्पिइ आफू सत्ताबाट बहिर्गमन भए। यो राजाको ठूलो साहस र जनताप्रतिको ठूलो भरोसा थियो । तर लोकतन्त्र र गणतन्त्रले देश बन्ला भन्ने सबैको ठूलो आशा थियो । तर नयाँ आएका नेताहरुले जनताहरुलाई लोकतन्त्र र गणतन्त्रको ललीपप देखाइ आफूले मनपरी शासन गर्न थाले । खाने पिउने कुरामा सबै एक भई देशलाई चुस्न थाले र आफू र आफ्नो पार्टी र कार्यकर्ताहरुलाई अकुत सम्पत्ति कमाउन पट्टि लागे । देशका सबै उद्योग कलकारखाना बेचिए । सयौं घोटालाका काण्डहरु गर्दै गए । देश भित्र बसेका सारा युबाहरुलाई बिदेसमा पठाई रेमिट्यान्स भित्र्याइ आफू भने आलेशान महल निर्माण गरी करोडौं करोड पर्ने शानदार मोटर गाडीमा चढी मोज मज्जा गर्न तिर लागे । देसले धमाधम खरबौंको रिण बोक्न थाल्यो । निर्यात ५%मा झरी आयात भने ९५ %ले बढ्न गयो । अर्थतन्त्रमा ब्यापक तरलताले ठाउँ लियो । महँगी बढ्दै गयो। राजनैतिक खिचातानी बढ्दै गयो । गरीब जनताले छाक कटाई सहकारीमा जम्मा गरेको एकै चोटी बिस्तारै ८७ अरब रुपैयाँ लुट्ने काम भयो । दण्डहीनता हात्ती जत्रो भएर आयो र जतातत‍ै अस्थिर्ताले प्रशय पायो । लोकतन्त्र र गणतन्त्र आएपछि देशको ठिक्क मिलेको अंचल र जिल्लालाई तोड फोड गरी ७ भागमा विभाजन गरियो । समष्टिमा भन्ने हो भने नेपालको राजनीति र अर्थतन्त्रलाई तहस नहस नै बनाए । आज को कांग्रेस, को एमाले र को माओबादी सबैले आ आफ्नो सिद्धान्त बेची मनपरी ढंगले देश चलाई रहेका छन् । यसमा कसैको दोश छैन । यदि दोष छ भने बर्तावान नेताहरुकै दोष रहेको देखिन्छ । देश बनाउने नेताहरुले हो, बाटो देखाउने नेता नै हुन् । तर त्यतापट्टी नलागी आफूमात्र बन्ने र सत्तामा टिकी रहने र हाली मुहाली जमाई रहने प्रवृत्ति नेताहरुमा रहेकोले आज लोकतन्त्र र गणतन्त्र आएको ३० बर्ष बिती सक्दापनि देशमा केही विकास भएको देखिँदैन । बिकास धमाधम ओरालो लागीरहेको छ भने राष्ट्रले ऋण धमाधम बोकीरहेको छ। परराष्ट्रनीति धमाधम बिग्रिइ रहेको छ । देशका फटाहा घुस्याहाहरु राष्ट्रको ठूलठुलो पदमा बसी रहेकाछन् र राजनीतिमा आआफ्नो तिक्तता पोखिरहेका छन् । यही हो लोकतन्त्र र गणतन्त्रले ल्याएको परिवर्तन, सोच, बिचार र मानसिकता जहाँ देश बिकासको कुनै गुजाइस छैन देखिँदैन । अहिलेसम्म नेताहरुले देशमा परिवर्तन गरे र त्यसको लाभ पनि उनीहरुलेनै लिए । अब जनता जाग्ने बेला भएको छ । नेताको मनोमानी अन्त्य गर्न सक्ने शक्ति जनतामा निहीत छ । जनता जागरुक भएका देश आज कहाँबाट कहाँ पुगिसके ।शंकरप्रसाद रिजाल विकास र चेतनाको हिसावले हामी धेरै पछाडि छौं । त्यसैले अब हाम्रोलाई होइन, राम्रोलाई चयन गरौं । आफ्नो भाग्य र भविष्यको फैसला आफैं निर्माण गरौं, होइन भने हामीले पछुचाउनुको विकल्प रहँदैन ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । वैदेशिक क्षेत्र पनि कमजोर रहला। | **तुला** : कुनै कुराले मनमा शान्ति छाउला। गरेको कार्यमा सफलता पाइनेछ । |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । | **वृश्चिक** : बोलीले काम बन्न सक्छ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । |
| **मिथुन** : जोश जाँगर र हिम्मत बढ्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । | **धनु** : दिन सामान्य र माध्यम नै रहनेछ। साँझमा भने शुभ समाचार पाइन सक्छ । |
| **कर्कट** : अरुको सहकार्यले नयाँ अनुभव मिल्नेछ । काममा सफलता पनि मिल्नेछ। | **मकर** : प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ । नयाँ वस्त्रको प्राप्ति पनि हुनेछ । |
| **सिंह** : स्वास्थ्य समस्याले सताउन सक्छ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । | **कुम्भ** : पारिवारिक सुख एवं सहयोग मिल्नेछ । आँटेको कार्य पुरा हुनेछ । |
| **कन्या** : बौद्धिक विकास होला । धार्मिक यात्राको योग पनि छ । | **मीन** : भाग्यले विभिन्न अवसर जुराउनेछ । मनमा शान्ति छाउनेछ । |

# साहित्य दर्पण

निबन्ध — प्रमाण अधिकारी

## भाषाको माया

नेपालका शहरहरूमा सडकपेटी साँघुरा छन् । हिँड्दा हिँड्दै बिलाउँछन् । मूल बाटामा झरेर अलि परसम्म हिँडेपछि मात्र सडकपेटीमा उक्लन पाइन्छ । राज्यले माया गर्छु भनौं भने पैदलयात्रीलाई विकास निर्माणका काम हुँदा प्राथमिकतामा नै राखिँदैन । कतै चौतारो, कतै मन्दिर, कतै विद्युत प्राधिकरणका सामान, कतै निर्माण सामग्रीको थुप्रो, कतै पेटीसम्मै आइपुगेका पसलका सामान त कतै बिजुलीको खम्बाले पैदलयात्रीलाई सुखसँग हिंड्न पनि दिँदैनन् । यिनै साँघुरा सडकपेटी भएको शहर काठमाडौंको अवस्था पनि अरु शहरको भन्दा फरक छैन । विकरालै छ भन्दा हुन्छ । एक त सडकपेटी साँघुरो छ त्यसमाथि नेपालीजनको विशेषता हिँड्दा हिँड्दै बाटामा ठिँङ्ग उभिएर फोनमा कुरा गरिदिने छ । हिंड्दाहिंड्दै साथीभाइ भेटे भने सडकपेटीनै ओगटेर गफ चुट्ने बानी छ । आफ्ना कारणले अरु यात्रीलाई मर्का परेको कुरालाई कसैले वास्ता गर्दैनन् । एकदिन म काठमाडौंकै एउटा साँघुरो पेटीमा हिँड्दै थिएँ । सिमसिम पानी पर्दै थियो । एकजना सभ्य महिला सडकपेटीमै हुर्कदै गरेको रुखमुनि टुसुक्क बसेर फोनमा कुरा गर्दै हुनुहुन्थ्यो । छाता नओढी हिँड्दा त दुईजना आवतजावत गर्न असजिलो हुने पेटी सभ्य महिलाका कारण एकतर्फी त हुने नै भयो । पानी परेका बेला छाता पनि ओढेका पैदल यात्री हिंड्ने भएपछि सकस त पऱ्यो नै । तापनि ति सभ्य महिलालाई उनका कारणले अरु पैदलयात्रीलाई परेको असजिलाको ज्ञान थिएन अथवा यस विषयमा उनले पनि मतलब राखिनन् । सभ्य टोपलिएर मैले अगाडिबाट आउँदै गरेका तरुणवयका दुई महिला पुरुषलाई बाटो छोडिदिएँ । तरुण अघिअघि थिए अनि तरुणी पछिपछि आउँदै थिइन । 'आइ थिङ्क वि सुड् गो द्याट वे' भनेर पारिपट्टीको बाटो देखाउँदै उनी टक्क अडिइन । सडक त जाम थियो नै । उनी रोकिएपछि सडकपेटी पनि जाम भयो । मैले तरुणीलाई पुलुक्क हेरें । यसरी कसैलाई हेर्नु यस्तो खालको परिस्थितिमा स्वाभाविक पनि हो । तरुण नेपाली रङ्कनछ क्यारे भनेर मैले उनको अंग्रेजीलाई स्वाभाविक रूपमै लिएँ । 'तिमीलाई कुन बाटो छिटो हुन्छ र ?' भनेर दोस्रो वाक्य ति तरुणीले नेपाली भाषामा उनका मुखारविन्दबाट निकालेपछि उनलाई अर्को पटक पुलुक्क नहेरिरहन सकिन । बाटोमा अवरोध खडा गरेकोमा भन्दा पनि अंग्रेजी भाषा बोलेकोमा गर्व गरेजस्तो उल्टै गमक्क परेको भावभंगिमा ति तरुणीमा देखियो । घरमा भात खाने भनेर भन्नेले बाहिरपुँडो भुजा ज्यूनार गर्ने भनेर भन्दा आफ्नो सामाजिक स्तर उँचो भएको देखाउन सकिन्छ भन्ने ठान्छन् । मलाई पनि यो दृश्यले उक्त कथन सम्झायो । साथै यो प्रसङ्गले हाम्रो समसामयिक नेपाली समाजको अवस्था पनि दर्शायो । अहिले कुनै शिशुले के सिक्यो, कति सिक्यो भन्दा पनि उसले कति अंग्रेजी जान्यो भन्ने कुरा प्रधान भएको छ । शिशुको बोली फुटेका बेलादेखि जबर्जस्ती अंग्रेजी भाषा बोल्न सिकाउने भगिरथ प्रयत्न हाम्रा घर, टोलछिमेकमा भएको देखिराखिएकै छ । शिशुले एउटा मात्र पनि अंग्रेजी शब्द बोलिदियो भने घरपरिवारका सदस्यमा खुशीको सीमा रहँदैन । अब शिशुले गरिखाने भयो भन्ने निश्चित नै भयो जसरी हर्ष मनाइन्छ । बाउआमा घरमा शिशुसँग अंग्रेजीमै बोल्ने, शिशु कक्षा भनेर पठाउने मन्टेश्वरी अनि बोर्डिङ्ग स्कूलले अंग्रेजीमै खुवाउने र पिलाउने गर्छन् । अंग्रेजी माध्यमबाट पढाइने विद्यालयमा यो पद्धति यति विकृत रूपमा लादिएको छ कि नेपाली विषय र नेपाली मै पढाइ हुने (कतै हाम्रो सेरोफेरो भन्ने विषय पनि हुँदो रहेछ) विषय कक्षामा बाहेक नेपाली भाषामा वा विद्यार्थीको मातृभाषामा बोलेमा शिक्षकले विद्यार्थीलाई सजाय दिने अथवा कतै आर्थिक जरिवाना गराउने गरेका तथ्य हाम्रासामु छन् । अंग्रेजी भाषामा शिशुहरू यति अभ्यस्त भएका छन् कि अब नेपाली भाषा मातृभाषा भएका घरमा पनि शिशुले कुनै नेपाली शब्द नबुझे अंग्रेजीको समानार्थी शब्द भनिदिएपछिमात्र बुझ्छन् । अझ नेपाली भाषामा अङ्कको ज्ञान यति कमजोर छ कि ९९ भनेपनि अंग्रेजीमा कति? ४० भने पनि अंग्रेजीमा कति भनेर सोध्छन् । यो क्रम यतिमै रोकिएको पनि छैन । क्रमश: केटाकेटी, वयस्क अवस्थामा पनि निरन्तरता पाइराखेकै छ । अंग्रेजी फरर बोल्नसक्ने मान्छे गुदीबिनाको भएपनि विद्वान्, जानेबुझेको र ज्ञानको खानीनै भएको मनुवा जसरी व्याख्याविश्लेषण र ग्रहण गर्ने चलन हाम्रो समाजमा छँदैछ । बोल्न सिपालु भएपनि अध्ययन छैन भने अंग्रेजीमा धाराप्रवाह बोल्न सक्ने कुनै पनि व्यक्ति खोक्रो नै हुन्छ । मेरा छोराछोरीको नेपाली देखेर म चिन्तित रहन्छु । दुवै अंग्रेजी माध्यमको विद्यालयमा पढ्छन् । म हल्काफुल्का अंग्रेजी बोल्नसक्ने भएकाले घरमा रहँदाबस्दा छोराछोरीसँग अंग्रजीमै कुरा गर्न मलाई दबाब आउँछ । तर म चाहन्छु मैले मेरा छोराछोरीलाई मैले जानेजति नेपाली भाषाको ज्ञान दिन सकूँ । उनीहरू नेपाली शुद्ध बोल्न सकून् । शुद्ध लेख्न सकुन् । अंग्रेजी भाषा त अहिलेका बच्चाले ९/१० वर्षको उमेरसम्ममा जानिसकेका हुन्छन् । मैले कतिपय अंग्रेजीका नयाँ शब्द मेरी छोरीबाट बेलाबेला सिकिरहेको हुन्छु । उनीहरू सामान्य वार्तालाप पनि अंग्रेजीमै गर्न सक्छन् । मोबाइल, टि.भी., युट्युबलगायतका विद्युतीय उपकरण र सामाजिक सञ्जालको पहुँचले यसमा धेरै प्रभाव पारेको छ । तर घरमा पनि हामी अंग्रेजीमै बोल्ने हो भने हाम्रा शिशुहरूलाई नेपाली सिकाउने कसले ? छोराछोरीसँग अंग्रेजी नबोलेर समयअनुसारको हुन नजानेको भन्दै खप्की खाए पनि म सहन्छु तर म मेरा सन्तानलाई नेपाली चाहिँ सिकाएरै छाड्छु भन्ने अठोट मैले लिएको छु । हामीलाई हाम्रा बाले जिब्रो पातलो हुन्छ भनेर नियमित रूपमा चण्डीपाठ, दुर्गाकवच पाठ गराउने गर्नुहुन्थ्यो । सरकारी विद्यालय पढेका कारण पनि मलाई नेपाली भाषा सिक्न सहज नै भयो । हाम्रा समकालीन साथीहरू, जो अंग्रेजी माध्यमबाट पढाइ हुने विद्यालय जान्थे, तिनले टोलछिमेकमा अंग्रेजीमा बोल्दा सरकारी विद्यालय पढेकालाई उनीहरूका बाआमा हामीलाई लघुताभाष नै गराउन खोज्थे । अहिले त सरकारी विद्यालयमा पनि अंग्रेजी माध्यमबाट विभिन्न विषयको पढाइ पनि हुन्छ । तर हाम्रो भाषालाई पनि ज्ञानको भण्डार बनाउन सके र समृद्ध बनाउन पाए अरु भाषामा निर्भर रहनुपर्ने कुरा प्रधान रहने थिएन । ऐतिहासिक सन्दर्भबाट हेर्दा भाषाको व्यापकता उक्त भाषा प्रयोग गर्ने शासकहरूका स्वार्थका कारण पनि प्रभावित हुने नै भयो । अंग्रेजी र अन्य युरोपेली मुलुकका भाषा प्रयोगका सन्दर्भ यहाँ जोडिन आउँछ तर अहिले यो विषयमा प्रवेश गर्ने मेरो योजना छैन । समसामयिक परिस्थितिको कुरा गर्दा नेपालमा जति नै औपचारिक शिक्षा हासिल गरेपनि क्षमताअनुरुपको रोजगारी प्राप्ति र जीविकोपार्जन गर्ने आधार बन्ने अवस्था न्यून छ । रोजगारी सिर्जना आवश्यकता अनुसार हुन नसकेको सर्वविदितै छ । उत्पादनमूलक क्षेत्रको अवस्था नाजुक छ । उच्च माध्यमिक शिक्षा प्राप्त गर्ने बित्तिकै वैदेशिक अध्ययन तथा रोजगारीका लागि विदेश जानुपर्ने, र कतिपय पलायन हुनुपर्ने बाध्यता छ । वैदेशिक अध्ययनसँगसँगै आर्थिक उपार्जनको अवसर खोज्दै जीवनका कठिन अवस्थामा राज्यबाट सुरक्षा पाउने आशाले सक्रिय जनशक्ति बाहिरिने क्रम जारी छ । भविष्यको स्पष्ट चित्र र आशाको त्यान्द्रो आफ्नो देशमा नदेखेपछि माटोको मायाले मात्र रोक्दैन रहेछ शायद, युवा पुस्ताले देश छाड्ने क्रम तीव्र रूपमा बढिरहेको छ । आज नयाँ पुस्ताको विदेशतिरको पलायनले भाषाको संरक्षणको जिम्मेवारी र प्रयोगलाई निरन्तरता दिने सन्दर्भमा चुनौती देखिएका छन् । आफ्ना सन्ततिले नेपाली भाषा बिर्सने चिन्ताले प्रवासी नेपाली समुदाय भाषा संरक्षणका लागि नयाँ पुस्तालाई लक्षित गरी नेपाली भाषाका कक्षा सञ्चालन पनि गर्दै छन् तर दैनन्दिन जीवनमा मातृभाषाको कमै प्रयोग हुने त्यहाँको परिवेशले सिकाइको दीगोपनामा भने शंका उत्पन्न गर्छ नै । तर भाषाको संरक्षणमा गरिएको यो प्रयासलाई सह्राहनीय नै मान्नुपर्छ । एकातर्फ अंग्रेजी भाषामा पोख्त भइयो भने विदेश पढ्न जान र त्यहीं स्थापित हुन सहज हुने आशाका कारण अहिलेको समसामयिक परिवेशमा यो भाषाको महत्त्व झन्झन् बढ्दै गएको देखिन्छ भने अर्कातर्फ सूचना, रचना, इतिहास, खोज र अनुसन्धान सामग्रीका सन्दर्भमा पनि हामी त्यस भाषामा बढी निर्भर हुनुपरेको अवस्था छ । भाषा त एउटा अभिव्यक्तिको माध्यम हो । यो कसैको ज्ञान, सिकाइ र विद्वताको द्योतक होइन । नेपाली भाषा र साहित्यका सन्दर्भमा कुरा गर्दा विश्व साहित्यमा जति अरु भाषा समृद्ध छन् हाम्रो भाषा छैन भनिन्छ । दर्शन, साहित्य, सिद्धान्त, खोज, अनुसन्धान, इतिहास आदिका सन्दर्भमा पाश्चात्य जगत् समृद्धमध्येको एक मानिन्छ । पूर्वीय साहित्य यस सन्दर्भमा अझ उन्नत रहेको र विशेष गरी संस्कृत भाषामा यसको अथाह सामग्री रहेता पनि अनूदित सामग्री र त्यही संस्कृत साहित्य पढेका केहीले मात्र नेपाली भाषाको भण्डारमा योगदान गरेका कारण समृद्धिको तहमा हामी पछाडि नै रहेको प्रतीत हुन्छ । हामीले धेरै अध्ययन सामग्रीका सन्दर्भमा अनूदित सामग्रीको भर पर्नुपरेको यथार्थ हाम्रा सामु छ । धेरै नेपालीले अंग्रेजीलगायत अरु भाषा सिके । पढे । संस्कृत साहित्यको पनि अध्ययन गरे । आृनो ज्ञानको धरातल बिस्तार गरे । तर नेपाली भाषामा तिनका खोज, मूल सामग्री, अनुसन्धान, सिकाइ र ज्ञान अनि सूचनाको अभिलेखिकरण साथै भण्डारण कति गरे त भन्ने कुरा हाम्रो भाषालाई समृद्ध बनाउँदै लैजाने सन्दर्भमा महत्त्वपूर्ण हुन्छन् भन्ने मलाई लाग्छ । हामीले हाम्रो भाषालाई समृद्ध बनाउँदै लैजाने भनेको हाम्रा अध्ययन, अनुसन्धान अथवा समग्रमा ज्ञानको प्रस्तुति सरल शैलीमा आृनो भाषामा गर्दै जाने र त्यसलाई गतिशील बनाउँदै लैजाने हो । ज्ञानको सर्वमान्यता र व्यापकताले भाषालाई बिस्तारै समृद्ध बनाउँदै लैजान्छ । अन्य भाषामा उपलब्ध सामग्री पढ्ने हो, ज्ञान आर्जन गर्ने हो, पढाउने हो, लेख्ने हो तर साथसाथै आृनो भाषा र नेपाली भाषीलाई पनि त्यस समृद्धिको बाटोमा सामेल गराउँदै लैजाने हो । तब मात्र हाम्रो भाषा मिठोमात्र नभइ समृद्ध पनि हुन्छ भन्ने मलाई लाग्छ ।

*-समकालीन साहित्य डटकम*

कथा — अमृता बुढाथोकी

## घुम्ती अनेक, सवाल एक

के गर्छौ तिमी, म पनि तिमी जस्तै अर्कैको अंगालोमा बेरिएँ भने ? मैले पनि तिमीले जस्तै भीडमा अर्कैको हात समाएँ भने, बाध्यताको नाम दिएर आफ्नो भोग मेटाएँ भने, विवाहको पिँजडा तोडी आफ्नो शरीर र प्रेम अरूलाई नै कब्जा गर्न दिएँ भने, सोचिबस्छु मेरो खुशी जस्तै तिम्रो पनि खुशी मलामी गयो भने, के गर्छौ तिमी ? के चाहिँ गर्छौ ? शिशिर ऋतुको कठ्याँग्रिने तुसारो, बिहानीको बाक्लो हुस्सुलाई छिचोल्दै गाडीले आफ्नो रफ्तार बढाइरहेको थियो । छेउको सीटमा बसेकी थिइन् । वेला वेला हेरिरहेको थिएँ उसले थाहा नपाउनेगरी । ऊ अर्धबैंसे नारी, म विवाहित पुरुष । धरानबाट शुरू भएको यात्रा मुग्लिन आइसकेको थियो, हाम्रो मौनताका बीच । केही नसोची उनलाई भनिदिएँ, 'तिमी मेरो घर जान्छौ ?' उनले प्रतिक्रिया दिइनन् । मलाई जिस्किन मन लाग्यो । हुन त यो राम्रो हैन तर उनको आकृतिले मलाई ठट्टा गर्न बाध्य बनाइरहेको थियो । प्रश्न फेरि दोहोऱ्याएँ, 'तिमी मसँग जान्छौ ?' यस पटक भने उनको भावभङ्गीमा परिवर्तन आयो । शान्त स्वभावकी जस्ती देखिने उनले रुखो स्वरमा भनिन्, 'तिमी तिम्री स्वास्नीलाई डिर्भोस दिन्छौ ? तिम्रा छोराछोरीलाई यही तिम्री आमा हो भन्न सक्छौ ? तिम्रो समाजमा मलाई श्रीमती हो भन्न सक्छौ ? कति न आइमाईको गन्ध आउनै नहुने गिद्धहरू ! घर जाऊँ भनी सोध्छ ।' उनको तर्कको गहिराइ कति थियो मैले नाप्न उचित ठानिनँ । हल्कामा लिँदै फेरि भनें, 'हिँड न मेरो घर जाऔं ।' 'तिमी जस्ता गिद्धहरूको विश्वास गरेर जीवनलाई नर्क बनाइदिएँ । के सोच्छौ आइमाईलाई तिमी पुरुष ? तिमरको उपभोग्य वस्तु वा साधन ? हाओ ! कुन आँटले भन्न सक्यौ मेरो घर जान्छौ भनेर ? तिमरू लोग्ने मान्छे सबै पागल !' उनको लवजमा पुर्वेली भाका आउँथे । उनको आँखामा लुकेको अदृश्य पीडा एकाएक बाहिर आउन खोजे झैं आभास हुन्थ्यो, देख्ने जो कोहीलाई । उनलाई शान्त पार्ने कोशिश गर्दै मैले भनें, 'मेरा आफन्ती कोही नि छैनन् । श्रीमती म विदेश गएको वेला अर्कैसँग गई, छोराछोरी छैनन् ।' मैले आफ्नै कल्पनाको कुरा गरिदिएँ तर यी सब झूट किन बोलिरहेछु । उनलाई फकाउन खोज्ने षड्यन्त्र मात्र हो शायद । उनी फेरि मौन भइन् । त्रिसुलीको बगरै बगर अनेकन् घुम्ती पार गर्दै गाडीले आफ्नो यात्रा पूरा गर्न लागिसकेको थियो । धादिङको नौबिसेमा म झर्नु थियो । मेरो कोशिश उनको फोन नम्बर लिनु मात्र होइन दुई चार दिन यसैगरी यात्रा गर्नु थियो । तर सकिनँ । उनको शालीन आकृतिलाई मनमा राखेर उत्रिएँ । समयले नेटो काट्दै गयो । छोराछोरी र श्रीमतीका माग पूरा गर्दागर्दै मेरो दिन बित्थ्यो । कति रात उनलाई सम्झिएर बिताउने गर्थें । यात्रामा धेरै सहयात्री भेटिए तर ती सबैसँगको सम्बन्ध एक रातमा सकियो । उनलाई त त्यहाँसम्म नि पुऱ्याउन नसकी म सम्झनामा रोएको थिएँ । के खोजिरहेको आफैलाई थाहा हुँदैन थियो । किन उनलाई त्यति धेरै सम्झन्थे ? थाहा थिएन ! गोरो वर्ण, गोलो अनुहार, ठूलाठूला अलिअलि गडेका आँखा, कर्ली कपाल, केही होचो कद, हेर्दा ३५-३६ वर्षकी देखिने त्यो आकृतिले मलाई झस्काइ रहन्थ्यो । एकान्तमा खोजिरहन्थ्यो । हुन त मलाई खाँचो थिएन कुनै स्त्रीको । घरमा रानी जस्तै सजिएर बसेकी श्रीमती थिइन् ।

> ***अँगालोमा बोरेर धेरै बेर रुन मन थियो । म घरैमा छु, परिवारसँगै छु तर एक्लो छु, मेरो अव्यक्त प्रेम बुझिदेऊ, मेरो दु:ख पोख्ने साथी बनिदेऊ भन्न मन थियो । मानौं उनी मेरी बाल्यकालकै प्रेमिका थिइन् । मैले आफ्ना अव्यक्त पीडा पोखिरहेको आभास भइरहेको थियो । यतिकैमा उनले भनिन्, 'भाइ झ्यालतिर सर ।' के खोज्छस् साथी, आँखा भनेझैँ म केही नबोली पर सरिदिएँ ।***

छोराछोरी कलेज पढ्न थालिसकेका थिए । सबैको आवश्यकता पूरा गर्दागर्दै शरीर बूढो भइसकेको थियो । ५० औं वसन्तको हाराहारीमा पुगेको मभित्र वेलावेला शून्यताको आभास हुन्थ्यो । मेरा अव्यक्त पीडा उनलाई सुनाउन मन थियो । म पनि यो सामाजिक गोल चक्करबाट बाहिर निस्किएर रमाउन, हराउन चाहन्थें । तर उनी को थिइन् ? त्यो सम्म थाहा थिएन । म परिवारको यन्त्रचलित मेशिन भइसकेको थिएँ । दोस्रो प्रेम गर्ने मन पनि कहाँ खाली थियो र ! सबै भरिपूर्ण । शायद मान्छेको सबैभन्दा ठूलो शत्रु यादहरू नै हुन् । जसले बिना ठाउँ दिलको भित्ता खोतलेर आफैं ठाउँ बनाउँछ, दुखाउँछ, तड्पाउँछ र सधैँलाई रुवाएर जान्छ । बिहान, दिउँसो, साँझ र रात गर्दै समयले आफ्नो चक्र पूरा गरिरहृयो । म फेरि अफिसको कामका लागि तेह्रथुम जाँदै थिएँ । बिहानी पख पूर्वबाट सूर्यले आफ्नो किरण फिँजाउँदै थियो । माथिमाथि जङ्गलमा फुलेका रङ्गीचङ्गी गुराँसले एकर्कामा प्रेमिल स्पर्श गर्दै रमाउँदै, हराउँदै, माथिपट्टिको लमतन्न परेको कञ्चनजैलाई स्पर्श गरेको दृष्यमा रमाइरहेको थिएँ । लसुनेबाट त्यो आकृति पुन: गाडी चढ्यो जुन मैले दिनानुदिन सम्झिरहेको थिएँ । उनको दुई आँखाका बीच नाकमा रहेको चोटले मैले उनलाई चिनिसकेको थिएँ । कति धेरै बोल्न मन थियो । अँगालोमा बोरेर धेरै बेर रुन मन थियो । म घरैमा छु, परिवारसँगै छु तर एक्लो छु, मेरो अव्यक्त प्रेम बुझिदेऊ, मेरो दु:ख पोख्ने साथी बनिदेऊ भन्न मन थियो । मानौं उनी मेरी बाल्यकालकै प्रेमिका थिइन् । मैले आफ्ना अव्यक्त पीडा पोखिरहेको आभास भइरहेको थियो । यतिकैमा उनले भनिन्, 'भाइ झ्यालतिर सर ।' के खोज्छस् साथी, आँखा भनेझैँ म केही नबोली पर सरिदिएँ । मौनताका बीच मैले उनलाई मनमनै कति पटक श्रीमती बनाएँ गन्न नै सकिनँ । गाडी म्याङ्लुङ पुगिसकेको थियो । उनी पिप्पले जाने बाटो तिर मोडिइन् । म होटल ब्लु हेवन । अझ उनको बारेमा बुझ्न मन भो । उमेरले काँचुली फेरिसकेको म, १६ वर्षे बैंसालु प्रेमीमा रूपान्तरण हुँदै रात बिताएँ । घरबाट बारम्बार फोन आइरह्यो उठाउनसम्म जाँगर चलेन । जुन कार्यक्रमका लागि म त्यहाँ पुगेको थिएँ त्यही कार्यक्रमको सञ्चालिका उनी थिइन् । नाम राधा ! उनी साँच्चै मेरी राधा थिइन्, भगवान् कृष्णाकी जस्तै मेरी राधा । म उनलाई अँगाल्न चाहन्थे तर सामाजिक प्रतिष्ठामा आँच पुग्ने डरले परै बसें । उनले कार्यक्रममा कार्यपत्र पेश गर्दै एक वर्षमा आफन्तबाट बलात्कृत भएका चार वर्षमुनिका बालिकाको संख्या ३०, १६ वर्ष मुनिका ४२, १६ वर्ष माथिका १०५, श्रीमानबाटै बलात्कृत हुने .... एवंरितले उनले तथ्याङ्क सार्वजनिक गर्दै गइन् । निर्धारित समयपछि म आफ्नै घर फर्किएँ उनको मीठो र नयाँ सम्झना बोकेर । बाटोमा मन भारी भइरह्यो । बरमझिया पुगेपछि अर्को सीटमा बसिरहेको अर्धबैंसे (हामी बीच आउजाउ बाटो थियो) ले भन्यो, 'साला यो ४० कटेपछिको लब पनि खप्न नहुने रहेछ ? म ५५ वर्ष पुगें उनी त्यस्तै ४०को हाराहारीमा होलिन् । फोनमा खूब रमाइलो कुरा हुन्छ । हेर्नुस् न मेरी गर्लफ्रेन्ड कति राम्री छे भर्खर नारायणघाट तीन दिन घुमेर आएको फेरि पोखरा लैजाऊ भन्दै छे ।' यति भनिसक्दा नसक्दै ऊ आफ्नै पारामा उत्ताउलो हाँसोको फोहोरा छुटाउँदै त्यै उसकी प्रेमिकासँग कुरा गर्न थाल्यो । मैले खासै वास्ता गरिनँ । देखाएको फोटो पनि हेरिनँ । मनमनमा कस्तो उत्ताउलो बूढो रहेछ भन्दै सम्झिएँ । तर आफ्नै हालतले मलाई चिमोटिरह्यो । बिहानी घामको मिरमिरेलाई पृथ्वीले स्वागत गर्ने तयारी गर्दै थियो । क्षितिजमा उषाका लालीले पखेटा फिँजाइसकेको थियो । हामी काभ्रेको भकुण्डेवेसी आइसकेका थियौं । ऊ अझै कलमा थियो । अहिले भने मेरो ध्यान उसको कलमा गयो । बुढाले भिडियो कलमा कुरा गरिरहेको रहेछ । आफ्नो तर्फको भिडियो भने म्युट गरेको थियो । तर केटीको निर्वस्त्र शरीरका हरेक अङ्ग सीट छेउछाउमा बसेकालाई सार्वजनिक गरिरहेको थियो । भन्दै थियो, 'मेरो सुनको अण्डा दिने मुर्गी । भाइसाप हेर्नुस् त कति राम्री छे । उसको जवानी अहिले पनि १६ वर्षेभन्दा कम छैन । खूब रमाइली छे ।' चासो राखेजस्तो गरेको मेरो व्यवहार बुझेर मलाई पनि प्रेमिकाको निर्वस्त्र भिडियो देखायो । उसकी प्रेमिकालाई हेर्नासाथ मलाई पृथ्वीले किचे झैं आभास भयो । वाक्क भएँ । केही भन्न नै सकिनँ । आफ्नै सीटमा कतै बिलाइदिऊँ जस्तो लाग्यो । मेरो रुद्रघण्टी नै अवरुद्ध भएर आयो । विवाहको २१ औं वर्षसम्म कहिल्यै कुनै उपहार मागिनन् । कहिल्यै कुनै गुनासो गरिनन् । मसँग ठूलो स्वरले सम्म बोलिनन् । आऊ भन्दा आइन् । जाऊ भन्दा गइन् । मानौं उनको नियन्त्रक नै म थिएँ । मेरो घर परिवारलाई सम्हालेर बसिन् । मेरो धोतीटोपीदेखि हर खुशी सम्हालेर मलाई म बन्न प्रेरणा दिइन् तर आज एक पुरुषका अगाडि कसरी नाङ्गिइन् ? कोही पुरुष छेउमा आएर बस्दा समेत गाली गर्ने उनले यो परपुरुषको कसरी बनिन् ? किन उनले सोचिनन् म उनकै खुशीको लागि दिनरात नभनी मेहनत गरिरहेको छु ? उनले मेरो संघर्षलाई बुझिनन् । अनेकन् सवालले मलाई गाँजेर ल्यायो । एकैछिन अगाडिसम्म राधाको प्रेमिल सपना देखिरहेको मेरो मानसपटलबाट एकाएक राधा, कमला, गीता सबैको नाम धमिलो भएर गयो । मैले सोची मात्र रहें उनको दिलको कुन कुनामा परपुरुषले ठाउँ बनाउन सफल भयो, कसरी सफल भयो ? के बाध्यताले मैले समय दिन नसक्दाको मेरो अभावमा उनले जिन्दगीको घुम्ती अन्तै मोडिन्

*-साहित्यपोस्ट डटकम*

# बगनासकाली गाउँपालिकाको प्रशासनिक भवन उद्घाटन

**पाल्पा,** माघ ११/जिल्लाको बगनासकाली गाउँपालिकाको सुविधासम्पन्न प्रशासनिक भवनको उद्घाटन गरिएका छ । बगनासकाली-१, चिर्तुङधारास्थित चिलाङ्दीमा निर्माण भएको चार तले भवनको प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार भर्चुअलमार्फत उद्घाटन गरेका हुन् ।



भवनको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले नयाँ भवनमा बसेर काम गर्दा जुन उत्साह जनप्रतिनिधी, कर्मचारीहरुमा भएको छ त्यसै गरी जनतालाई खुसी पार्ने काम गर्न अनुरोध गरे । देश विदेशीको कब्जाबाट जोगाउने जिल्लाको रुपमा रहेको, पाल्पालाई पर्यटन, ढाका, करुवाबाट आर्थिक रुपमा माथि उठाउन सरकारको पहल रहने प्रधानमन्त्रीले ओलीले बताए । भवन उद्घाटन समारोहमा उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले नयाँ भवनबाट जनताको मन जित्ने गरी काम गर्न आग्रह गरे । उपप्रधान तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेलले मृत्युमार्गबाट चिनिएको सिद्धबावा क्षेत्रलाई जिवनमार्गको रुपमा सुरुङ्गमार्गले पहिचान दिएको बताए । कार्यक्रममा संघीय सांसद ठाकुर गैरे, लुम्बिनी प्रदेश सांसद तथा पूर्व मन्त्री वीरबहादुर राना लगायतले भवन निर्माणसँगै जनतालाई सहज सेवा प्रवाह गर्न पालिकालाई आग्रह गरे । उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंह, उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेम सारु लगायत संघीय, प्रदेश सांसद, जिल्लाका राजनीतिक दलहरुले स्वागत गरेका थिए । बृहत् सभाहल सहितको भवनबाट सेवाग्राहीमा, सेवा प्रवाह गर्नका लागि सुविधा भएको पालिका अध्यक्ष सरस्वती चिदीले जानकारी दिइन् । दुई वर्ष लगाएर बगनासकाली गाउँपालिकाले लिफ्ट सहितको नयाँ प्रशासनिक भवन निर्माण सम्पन्न गरेको हो । गाउँपालिकाको ४० प्रतिशत र संघीय सरकारको ६० प्रतिशत गरी कुल छ करोड ४७ लाख ८४ हजार ८९ रुपैयाँमा प्रशासनिक भवन निर्माण भएको हो । दुई वर्षभित्र काम सकिने गरी वि.स. २०७८ फागुन ८ गते ठेकेदार कम्पनी न्यू ड्राईगन आर एण्ड आर जेभीसँग भवन निर्माणका लागि सम्झौता भएको थियो । सम्झौता अनुसार समयमै भवन निर्माणको काम सकिएको पालिकाले जनाएको छ । २०७८ चैत २५ मा पालिकाका संस्थापक अध्यक्ष कृष्ण बस्याल र तत्कालिन उपाध्यक्ष तथा हालका अध्यक्ष सरस्वती चिदीले संयुक्त रुपमा भवनको शिलान्यास गरेका थिए । पालिका भवन निर्माणका लागि जग्गा अभाव हुँदा भवन निर्माणमा हुन नसकेका बेला तत्कालिन अध्यक्ष बस्यालको सक्रियतामा जग्गाको व्यवस्थापन गरी भवन निर्माणको काम अगाडि बढेको थियो । भवन बनाउन भैरव मन्दिर सामुदायिक वनको गौचरनको जग्गा २५ वर्ष लिजमा लिइएको छ । गाउँपालिकाले भोगचलन गर्ने १३ रोपनी तीन आना जग्गामध्ये ११ आना जग्गाभित्र चार हजार १० वर्गफिटमा प्रशासकीय भवन निर्माण भएको हो । उक्त जग्गा नेपाल सरकार मन्त्रीपरिषद्को २०७७ चैत ३० गतेको निर्णय बमोजिम मालपोत कार्यालय पाल्पाबाट २०७८ साउन ४ गते गाउँपालिकालाई प्राप्त भएको हो । भवन अपाङ्गतामैत्री र माथिल्लो तलामा जानआउनका लागि लिृटको व्यवस्था गरिएको उपाध्यक्ष हरी प्रसाद पाठकले बताए । नयाँ भवनबाट सेवा प्रवाह प्रभावकारी बनेको र सबै पालिकावासीलाई पायक परेको उनको भनाई छ । साढे छ वर्षसम्म टहराबाट सेवा दिँदा समस्या भोगेका कर्मचारीले नयाँ भवन बनेपछि सेवालाई थप प्रभावकारी बनाउन सहयोग पुगेको बताएका छन् । भवन र कोठा पर्याप्त नहुँदा कतिपय शाखाले एउटै कोठाबाट सेवा दिनु परेको अवस्थाको अन्त्य भएको प्रमुख प्रशासकिय अधिकृत खेमराज छिनालले बताए ।

# भूमि आयोग पाल्पाका अध्यक्षद्वारा पदभार ग्रहण

**पाल्पा,** माघ ११/भूमि समस्या समाधान आयोग पाल्पाका अध्यक्ष रामबहादुर कार्कीले पदभार ग्रहण गरेका छन् । अध्यक्ष कार्कीले एक औपचारिक कार्यक्रमकाबिच पदभार ग्रहण गरेका हुन् ।



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले कार्कीलाई केही दिन अघि जिल्ला अध्यक्षको रुपमा नियुक्त गरेका थिए । पदभार ग्रहण पश्चात उनले जिल्लामा भएका भूमिसम्बन्धी समस्या, भूमिहिन दलित, अव्यवस्थित बसोबासी र सुकुम्बासीको समस्या समाधानका लागि इमान्दारपूर्वक काम गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । यसअघिको समितिले भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको तथ्यांक सार्वजनिक गरेको थियो । 'सरकारको अपेक्षा भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या यो समितिले हल गर्न सकोस् भन्ने अपेक्षा छ,' उनले भने, 'अपेक्षा पूरा गर्न गठन आदेशअनुसारको काम अघि बढाउँछौं, कार्यविधिअनुसार कामले निरन्तरता पाउँछ ।' अध्यक्षमा नियुक्त भएका कार्की नेपाली काँग्रेसमा लामो समयदेखि अनवरतरुपमा सक्रिय छन् । उनी नेपाली काँग्रेस पाल्पा क्षेत्र नं .२ का पूर्व क्षेत्रिय सभापति र रैनादेवी छहरा गाउँपालिकाको निवर्तमान अध्यक्ष समेत हुन् ।

# सिद्धबाबा सुरुङमार्गको...

...यो सुरुङमार्गका लागि २०७७ सालमा मन्त्रिपरिषद् बैठकले बजेट विनियोजन गरेसँगै २०७८ साल जेठ ९ मा सडक विभागले अन्तर्राष्ट्रिय रुपमा बोलपत्र आह्वान गरी सुरुङमार्ग निर्माणक ठेक्का लगाएको थियो । सुरुङभित्र केही समस्या आए निस्कन मिल्नेगरी तीनवटा बाइपास बनाइएको छ । तेस्रो र पहिलो बाइपास को 'ब्रेक थ्रु' भदौ तथा असोजमा भएकामा दोस्रो बाइपासको ब्रेक थ्रु गत पुस ७ गते भएको हो । यहाँ पहिलो बाइपासको लम्बाइ एक सय ५१ मिटर, दोस्रोको लम्बाइ एक सय ६१ मिटर र तेस्रोको एक सय ३० मिटर छ । पहिलो बाइपास माथिल्लो सिद्धबाबा मन्दिरतर्फको र तेस्रो बाइपास दोभान ड्याम साइडतर्फको हो । सुरुङ मार्गको हालसम्म भौतिक प्रगति ४० प्रतिशत भएको आयोजनाकी इन्जिनीयर सविता ज्ञवालीले बताईन् । सुरुङभित्रको भुइँ र भित्तामा बिजुलीबत्ती जडान ,गाडी गुड्ने क्षेत्र निर्धारण गरेर 'पेभमेन्ट' ढलान, सुरुङमार्गको उत्तर र दक्षिण भागमा 'रक सेड' र 'रक नेट'को काम अघि बढाइने उनको भनाई छ । सुरूङमार्ग पाँच वर्षमा सक्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न हुने छ ।

**'मेरो जिम्मेवारी अझै पुरा भएको छैन्'**

सिद्धबाबा सुरुङमार्ग निर्माणका लागि सुरुका दिनदेखि नै पहल गर्दै आएका पूर्वमन्त्री एवं नेकपा समाजवादीका नेता सोमप्रसाद पाण्डेयले सुरुङमार्गको ब्रेक थ्रु भए पनि आफ्नो जिम्मेवारी अझै पुरा नभएको बताएका छन् । शुक्रबार उनले सामाजिक सञ्जालमार्फत ब्रेक थ्रु हुँदा अत्यन्त हर्षित भएको तर पाल्पाली जनताको प्रतिनिधिको हिसाबले जिम्मेवारी पुरा अझै नभएको बताएका छन् । उनले भनेका छन् 'मैले सुरुङ्गमार्गको प्रस्ताव गर्दै गर्दा त्यतिखेर मेरा साथीहरु सम्भव छ र ? भन्नुहुन्थ्यो । तर मैले निरन्तर पहल गरे, सुरुङ्गमार्गको शुरूवात नभएमा सदनमै अनसन बस्छु समेत भनेको व्यहोरा सबैलाई अबगत छ । आज ४० प्रतिशत भौतिक प्रगति भइसकेको अवस्थामा यसको ब्रेक थ्रु भइरहँदा म अत्यन्त हर्षित छु । तर म समग्र पाल्पाली जनताको प्रतिनिधिको हिसाबले मेरो जिम्मेवारी पुरा भइसकेको ठानेको छैन । जुन दिन यो सुरुङमार्गबाट गाडीहरू ओहोरदोहोर हुनेछन् त्यो दिन म एकपटक फेरि खुसी हुनेछु ।'

## खेलकुद समाचार

# नेपालले मलेसियालाई ७ विकेटले हरायो



**काठमाडौं,** माघ ११/आईसीसी १९ वर्षमुनिको महिला टी-२० विश्वकपको प्लेअफमा नेपालले आयोजक मलेसियालाई ७ विकेटले हराएको छ । मलेसियाले दिएको ४६ रनको लक्ष्य नेपालले ११ ओभरमा ३ विकेट गुमाएर भेटायो । नेपालकी कप्तान पूजा महतोले नटआउट २३ रन बनाइन् । मलेसियाकी मर्स्या अब्दुल्लाहले ३ विकेट लिइन् । यसअघि जोहोर एकेडेमी क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको मलेसिया १६ ओभर ५ बलमा ४५ रनमा अलआउट भयो । मलेसियाकी नुरिमन हलिदले सबैभन्दा धेरै १५ रन बनाइन् । मलेसियाकी अन्य खेलाडीको दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालकी पूजा महतोले ४, रचना चौधरीले ३ तथा रिया शर्मा र सिमाना केसीले १/१ विकेट लिए । १९ वर्षमुनिको महिला टी-२० विश्वकपमा नेपालको यो पहिलो जीत हो । मलेसियाले भने जीतविहीन रह्यो । दुवै टोली प्रतियोगिताबाट बाहिरिइसकेका छन् । समूह चरणमा नेपालले बंगलादेश, स्कटल्यान्ड र अस्ट्रेलियासँग हार बेहोरेको थियो । यस्तै मलेसियाले भारत, श्रीलंका र वेस्ट इन्डिजसँग हार बेहोरेको थियो ।

## CHANGE OF NAME NOTICE

I, Kushal Bahadur Chidi S/O JC-282399W Sub (RST) Dil Bahadur Chidi changed my name from Kusal Bahadur Chidi to Kushal Bahadur Chidi vide Affidavit No 1029 Dt 15/02/2024.

## डिस्चार्ज सर्टिफिकेट र पेन्सेनपट्टा हराएको सूचना

मिति २०६८ साल असार १४ गतेका दिन रामपुरदेखि तानसेन आउने क्रममा स्व.गज विर थापाको नाममा रहेको निम्न व्यहोराको पेन्सन पट्टा र डिस्चार्ज सर्टिफिकेट हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम :** स्व. गज विर थापा
**पेन्सन पट्टा नं. :** 5334729Nk
**ठेगाना :** रामपुर-४, खोपटार
सम्पर्क व्यक्ति : अलका जर्घा
सम्पर्क नम्बर : ९८५७०६०८४९

## अर्थ /कर्पोरेट समाचार

# दुई हजार चार सय रोपनीमा आलुखेती

**वालिङ (स्याङ्जा),** माघ ११/ यहाँका केही किसानले व्यावसायिक रुपमा आलुखेती थालेका छन् । गल्याङ, चापाकोट, भीरकोट, वालिङका किसानले व्यावसायिक रुपमा आलुखेती थालेका हुन् । यस वर्ष स्याङ्जामा दुई हजार चार सय रोपनीमा आलुखेती गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख विनोद हमालले बताए ।

गत वर्ष एक हजार आठ सय ५० रोपनीमा आलुखेती गरिएको थियो । 'जिल्लामा आलुखेती हुने क्षेत्रफल वृद्धि भएको छ, क्षेत्रफल वृद्धि हुँदा उत्पादन पनि वृद्धि हुन्छ', उनले भने, 'यस वर्ष पनि उत्पादन वृद्धि हुने संकेत देखिएको छ ।' आलुखेती गर्ने किसानलाई स्थलगत प्राविधिक प्रशिक्षण, बीउ खरिदमा अनुदान, सिँचाइ, रोगकीरा व्यवस्थापन, ग्रेडिङ, प्याकिङ, भण्डारण र बजारीकरणका लागि ज्ञान केन्द्रले सहयोग गर्दै आएको उनले बताए । जिल्लामा कृषक समूह, सहकारी व्यावसायिक फार्ममार्फत व्यक्तिगत र सामूहिक रुपमा आलुखेती गरिएको छ । 'विभिन्न जातका बीउ आलु उत्पादनमा स्याङ्जा आत्मनिर्भर रहेको छ, बीउ आलु जिल्लाबाट अन्यत्र पनि निर्यात हुने गरेको छ', उनले भने, 'खायन आलु जिल्लामा उत्पादन भएकाले नपुगेकाले अन्यत्रबाट आयात गर्नुपर्ने अवस्था रहेको छ, व्यावसायिक आलु उत्पादनतर्फ किसान आकर्षित हुनेक्रम बढ्दै गएकाले उत्पादन पनि वृद्धि हुँदै जाने छ ।'

किसानले बीउ आलु छनोट गर्नसक्ने, उत्पादन भएपछि त्यसको भण्डारण र बजारीकरणका विषयमा पनि बुझ्दै गएकाले अबका वर्षहरुबाट किसानले सीधै बजारीकरण गर्नसक्ने बन्नुहुनेछ । *-रासस*

# भूतपूर्व सैनिकको...

...उनले संगठनलाई बलियो र फराकिलो बनाएर लैजान राजनीतिक सुझ, बुझका साथ लोकतान्त्रिक आस्थाप्रति समर्पित हुन समेत भूपू सैनिकहरुलाई आग्रह गरे । सभापति श्रेष्ठले भने 'केही साथीहरुलाई कम्युनिष्टहरुले दिग्भ्रमीत पारेका छन् । उनीहरुलाई काँग्रेसको विचारका बारेमा बुझाउन जरुरी छ त्यसतर्फ संघमा आवद्ध साथीहरु सक्रिय भएर लागौं ।' कार्यक्रममा संघा पूर्व केन्द्रीय सदस्यीय कर्णेल धनबहादुर मास्के राना, केन्द्रीय प्रतिनिधि मेहर सिं कुंवर, संघका लुम्बिनी प्रदेश अध्यक्ष अनिल कुमार थापा, नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य राम कार्की, प्रजातान्त्रिक सेनानी संघ पाल्पाका अध्यक्ष यमलाल तिमिल्सीना, लोकतान्त्रिक आदीवासी जनजाति महासंघ नवलपरासीका प्रतिनिधि टेकबहादुर गुरुङ, संघका पूर्व अध्यक्ष विष्णु गाहा, सल्लाहकार क्याप्टेन अमर थापा लगायतले लगायतले आ-आफ्ना धारणा राखेका थिए । संघका अध्यक्ष कमल विक्रम खाँणको अध्यक्षता, उपाध्यक्ष क्याप्टेन देवबहादुर थापा मश्राङीको स्वागत, सचिव हिरा सिं रानाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

पद : लेखापाल
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्यायन गरेको
पद : बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार
आवेदन दिने अन्तिम मिति : २०८१/१०/२० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई